रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक नमाजमा सलाम फेरिसकेपछि यो दुआहरू पढेर अल्लाहको प्रशंसा व्यक्त गर्नुहुन्थ्यो ।

अबू जुबैरले बयान गरेका छन् , उनले भने : अब्दुल्लाह बिन जुबैर (रजिअल्लाहु अनहुमा) हरेक नमाज मा सलाम फेरिसकेपछि यो दुआ गर्नुहुन्थ्यो : ‘ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु , लहुल्मुल्कु व लहुल् -हम्दु व हुव अला कुल्लि शैइन् कदीर् , ला हौल वला कुव्वत इल्ला बिल्लाह् , ला इलाह इल्लल्लाहु , वला नाअ्बुदु इल्ला इय्याह् , लहु -न्निअ्मतु व लहुल् -फज्लु व लहुस्सना उल् -हसन् , लाइलाह इल्लल्लाहु मुख्लिसीन लहुद्दीन व लौ करिहल् -काफिरून् ’ । अर्थात अल्लाहबाहेक कुनै पनि पूजा योग्य छैन। उहाँ एक मात्र हुनुहुन्छ , उहाँको कुनै साझेदार छैन। सम्पूर्ण राज्य उहाँकै हो , सम्पूर्ण प्रशंसा उहाँलाई नै हो , र उहाँ सबै कुरामा सक्षम हुनुहुन्छ। पापबाट जोगिने शक्ति र राम्रो कार्य गर्न सक्ने क्षमता केवल अल्लाहको कृपाबाट प्राप्त हुन्छ। अल्लाहबाहेक कुनै सच्चा उपास्य छैन। हामी केवल उहाँको नै पूजा गर्छौं। हरेक अनुग्रहका मालिक उहाँ नै हुनुहुन्छ , सम्पूर्ण कृपा उहाँकै हो , र उत्कृष्ट प्रशंसा पनि उहाँकै लागि हो। अल्लाहबाहेक कुनै सच्चा उपास्य छैन। हामी केवल उहाँकै सच्चा उपासक हौं , चाहे काफिरहरूले यसलाई मन नपराउन। थप भने : रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक नमाजमा सलाम फेरिसकेपछि यो दुआहरू पढेर अल्लाहको प्रशंसा व्यक्त गर्नुहुन्थ्यो ।

[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक अनिवार्य नमाजमा सलाम फेरिसकेपछि अल्लाहको पवित्रतालाई यस महान जिक्र मार्फत वर्णन गर्नुहुन्थ्यो , जसको अर्थ हो : "ला इलाहा इल्लल्लाह ": अल्लाह बाहेक कोही सत्य ईश्वर छैन । "वह्दहू ला शरीक लहु ": उहाँ एक्लै हुनुहुन्छ र (उपासना , प्रभुत्व र नाम र विशेषताहरूमा) उहाँको कुनै साझेदार छैन । "लहुल्मुल्कु " : उहाँको लागि सार्वभौमसत्ता हो । उहाँ सर्वव्यापी , आकाश, पृथ्वी र बिचमा भएका सबै चीजहरूको स्वामी हुनुहुन्छ । “व लहुल् -हम्दु ”: सम्पूर्ण प्रशंसाहरू उहाँकै लागि हुन् । उहाँ हरेक दृष्टिले परिर्पूर्ण , सम्पन्न र निरपेक्ष हुनुहुन्छ । उहाँको महिमा दुःख सुख हरेक परिस्थितिमा प्रेम र आदरका साथ वर्णन गरिनेछ । "व हुव अला कुल्लि शैइन् कदीर् ": उहाँको शक्ति सबै मामिलामा पूर्ण छ । उहाँको लागि कुनै पनि कुरा असम्भव छैन । उहाँले गर्न नसक्ने केही छैन । "ला हौल वला कुव्वत इल्ला बिल्लाह् ": अल्लाहको तौफिक (सहायता) बिना एक अवस्थाबाट अर्को अवस्थामा रूपान्तरण हुने र उहाँको अवज्ञा छोडेर आज्ञापालन गर्ने शक्ति कसैसँग छैन । उहाँ नै वास्तविक सहयोगी हुनुहुन्छ र उहाँमाथि नै सम्पूर्ण भरोसा छ । "ला इलाह इल्लल्लाहु , वला नअ्बुदु इल्ला इय्याह् ": अल्लाह बाहेक अरू कोही उपासना योग्य छैन र उहाँको कुनै साझेदार छैन भन्ने कुरामा जोर दिइएको छ । "लहुन्निअ्मतु व लहुल् -फज्लु ": उहाँ नै हुनुहुन्छ जसले सबै आशीर्वाद सिर्जना गर्नुहुन्छ , उहाँ तिनीहरूको मालिक हुनुहुन्छ र उहाँले जसमाथि चाहनुहुन्छ ती माथि उपकार गर्नुहुन्छ । "व लहुस्सना उल् -ह सन् ": हस्ती , गुण , कर्म , आशिष र हरेक किसिमको उत्कृष्ट प्रशंसा उहाँकै लागि हो। "लाइलाह इल्लल्लाहु मुख्लिसीन लहुद्दीन " हामी इख्लास / निष्ठाका साथ उहाँको उपासना गर्छौं । उहाँको उपासनालाई हरेक किसिमको कपट , पाखण्ड , ढोंग र प्रसिद्ध हुने भावनाबाट मुक्त राख्छौं । "व लौ करिहल् -काफिरून् ": हामी तौहीद (अल्लाहलाई एक मान्ने) र

उहाँको उपासना गर्नमा अडिग रहनेछौं, चाहे काफिरहरूलाई नराम्रो लागे पनि ।

http://sunnah.global/hadeeth/ne/show/6203